**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ जेठ ६ गते**
कर्णाली प्रदेश सरकारले स्वदेश तथा विदेशका विभिन्न ठाउँबाट कर्णाली प्रदेशमा भित्रिने नागरिकहरुको प्रदेश सीमा नाकामै अनिवार्य रुपमा दर्ता, यात्रा इतिहासको अभिलेखीकरण र आरडिटी परीक्षण गरी सम्बन्धित स्थानीय तहमा पठाउने व्यवस्था मिलाएको जनाएको छ ।
जेठ ६ गते सामाजिक विकास मन्त्री दल रावलद्वारा जारी प्रेस विज्ञप्तीमा सिमामा आरडिटी जाँच गरी गएका व्यक्तिलाई स्थानीय तहले अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने, क्वारेन्टाईन अवधि पुरा भएपछि अनिवार्य आरटी पिसिआर विधिद्धारा स्वाब परीक्षण गर्ने र परीक्षण रिपोर्ट प्राप्त भएपश्चात संक्रमण नदेखिएका नागरिकलाई तोकिएको समयसम्म अनिवार्य होम क्वारेन्टाइनमा रहने गरी घर पठाउने व्यवस्था मिलाइएको कुरा उल्लेख गरिएको छ ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** कोरोना भाइरस पुष्टि भएका आठबीस नगरपालिका-१ सात्तलाका ३५ वर्षीय युवकलाई जिल्ला सदरमुकामको आइसोलेसन वार्डमा राखिएको छ । स्वास्थ्य सेवा कार्यालयका कोभिड फोकलपर्सन थीरप्रसाद रेग्मीको नेतृत्वमा गएको टोलीले जेठ ६ गते एम्बुलेन्समा ल्याई सदरमुकामको आइसोलेसन वार्डमा ल्याइएको दैलेख अस्पतालका इन्चार्ज डा. निरञ्जन पन्तले जानकारी दिनुभयो ।
आठबीस नगरपालिका-१ सात्तलास्थित लक्ष्मी मावि क्वारेन्टाइनमा जेठ ३ गते त्यहाँ रहेका ३८ जनाको नोजल स्वाव संकलन गरिएका मध्ये एक जनामा मात्रै कोरोना पुष्टि भएको थियो ।
कञ्चनपुरको गड्डाचौकी हुँदै एउटै गाडीमा आएका ५३ जना मध्ये ४ जना बर्दिया झरेका, आठ जना दैलेखको ठाँटीकाँध, एक जना दुल्लू र एक जना चामुण्डाबिन्द्रासैनी नगरपालिकामा झरेका व्यक्तिहरु सिधै घर पुगेका थिए । युवकमा कोरोना पुष्टि भएपछि यात्राका ती सबैलाई खोजी गरी सम्बन्धीतको स्थानीय तहको क्वारेन्टाइनमा ल्याइएको दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी इन्द्रबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** छेडागाड नगरपालिका -८ का श्रमिक तथा असंगठित मजदुरहरुलाई जेठ ५ गते वडा कार्यालयले राहत वितरण गरेको छ ।
प्रति परिवार १५ किलो चामल, डेढ किलो दाल, आधा लिटर तेल, १ किलो नुन र १ वटा साबुनका दरले ६ सय परिवारलाई वितरण गरिएको वडाध्यक्ष लालबहादुर खत्रीले जानकारी दिनु भयो ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सोरु, मुगुम कार्मारोङ, खत्याड गाँउपालिका र छाँयानाथ रारा नगरपालिकाको जिल्ला अस्पतालमा गरी ३ सय २० जनाको आरडीटी परीक्षणको लागि स्वाब सकंलन गरिएको छ ।
जिल्ला अस्पतालका चिकित्सक सहितको टोलीले १ सय २० र खत्याड गाँउपालिकामा १२ जना, सोरु गाँउपालिकामा ९२ र मुगुम कार्मारोङमा ९६ जना गरी ३ सय २० जनाको स्वाब संकलन गरिएको प्रमुख जिल्ला अधिकारी कृष्णा कुमार निरौलाले जानकारी दिनुभयो ।
प्रजिअ निरौलाका अनुसार सोरु गाँउपालिकाको ९२ मध्ये ५६ र मुगुम कार्मारोङको ९६ जनाको संकलित स्वाब परीक्षणका लागि हेलिकप्टर मार्फत कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान जुम्लामा लगिएको छ । सोरु गाँउपालिकाले स्वाब संकलन गरिएको स्थान नार्थबुबाट हेलिकप्टर अवतरण हुने स्थान

तारापानीसम्म ल्याउन ढिलाई गर्दा ३६ जनाको स्वाब सडक यातायात मार्फत जुम्ला पुऱ्याइने भएको छ ।
कर्णाली प्रदेश सरकारले मुगुम कार्मारोङ र सोरु गाँउपालिकामा संकलन गरिएको स्वाब परीक्षणका लागि जुम्लासम्म लैजान हेलिकप्टरको व्यवस्थापन गरेको थियो । जिल्ला अस्पतालमा १ सय २० र खत्याड गाँउपालिकामा संकलन गरिएको १२ जनाको स्वाबलाई कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान जुम्ला सम्म पुराउन केही व्यवस्था नगरेपछी जेठ ७ गते बिहानै सडक यातायातबाट जुम्ला लगिने भएको छ ।
विभिन्न ठाउँबाट घर आएकाहरु र केही सुरक्षाकर्मि, स्वास्थ्यकर्मि, जनप्रतिनिधि साथै अन्य स्थानियवासी गरी ९६ जनालाई पाएक पर्ने स्थामा स्वाव संकलन गरि हेलीकप्टर मार्फत परीक्षणका लागि जुम्ला पठाइएको मुगुम कार्मारोङ गाउँपालिकाका कोभिड १९ फोकल पर्सन बली बुढाले जानकारी दिनुभयो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** कोराना भाइरसको संक्रमण बढ्दै गएपछि रुकुम पश्चिमका स्थानीय तहहरु थप सक्रिय भएका छन् । भारत तथा अन्य मुलुकबाट आउने नागरिकलाई जिल्लाको सिमाबाटै क्वारेन्टाइनमा लैजाने, अनिवार्य १४ दिन क्वारेन्टाइनमा राखेर पीसिआर रिपोर्टपछि मात्रै घर फिर्ता गर्ने तयारी भएको प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौड्यालले जानकारी दिनुभयो ।
त्यसैगरी चौरजहारी नगरपालिकाको जेठ ६ गते बसेको विपद् व्यवस्थापन समितिको बैठकले भारत तथा अन्य देशहरुमा अलपत्र परेका नगरपालिकामा आउने बाँकी संख्या तीन हजार ५४ जना रहेको र ति व्यक्तिहरुलाई प्रवेश स्थलबाटै क्वारेन्टाइनमा लगिने निर्णय गरिएको छ । यसैगरी क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुलाई प्रतिदिन खाना, खाजा खर्चबापत एकसय अठहत्तर रुपिया उपलब्ध गराउने र क्वारेन्टाइनमा बसेका व्यक्तिहरुका लागि खाद्यान्न लगायतको दैनिक उपभोग्य वस्तुहरुको अभाव भएमा नगरपालिकाले उपलब्ध गराउने निर्णय गरिएको नगर प्रमुख विशाल शर्माले जानकारी दिनुभयो ।
त्यस्तै भारत तथा अन्य मुलुकाबाट बाँफीकोट गाउँपालिकामा प्रवेश गर्नेको बाँकी संख्या १६ सय जना रहेको र ति सवै व्यक्तिहरुलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने तयारी भएको गाउँपालिकाका अध्यक्ष धर्मबहादुर केसीले जानकारी दिनुभयो ।
साथै जिल्ला स्वास्थ्य सेवा कार्यालयले चार सय भिटीएम खरीद गरेको त्यसमध्य केही खर्च भैसकेको र केही भिटीएम भारत तथा अन्य मुलुकबाट जिल्ला भित्रिने संख्यालाई मध्यनजर गरेर मौजदात राखिएको कोरोना फोकल पर्सन इश्वर रावलले जानकारी दिनुभयो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** चंखेलि गाउँपालिका-६ पुमा गाउँमा रहेको स्वास्थ्य क्लिनिक कार्यालय सहयोगीको भरमा सञ्चालन हुदै आएको स्थानीय हर्कविर बुढाले बताउनुभयो । उहाँका अनुसार ०७६ सालको मंसिर महिनादेखि उक्त स्वास्थ्य क्लिनिकमा अहेव, अनमी नभएको र एक जना कार्यालय सहयोगीको भरमा संचालन हुदै आएको छ ।
पुमा स्वास्थ्य क्लिनिकमा स्वास्थ्यकर्मी नहुँदा सर्वसाधारण ३ घण्टाको दुरीमा रहेको मेल्छाम स्वास्थ्य चौकीमा जानुको विकल्प नभएको स्थानियवासी गंगबहादुर बुढाको गुनासो छ । जसले गर्दा गर्भवति महिला, बालबालिका, जेष्ठनागरिकलाई सास्ती भएको बुढाले बताउनु भयो । यस विषयमा गाउँपालिका अध्यक्ष धनलाल चौलागाईले अहेव र अनमी लकडाउनको कारण कठमाडौंमा फसेकोले समस्या भएको बताउनुभयो ।

यस्तै नाम्खा गाउँपालिका-५ को यारीमा रहेको क्वारेन्टाइनमा १७ जनाको आरडिटी चेक गर्दा एक जनाको शंकास्पद रिपोर्ट आएको भन्दै जेठ ६ गते सो स्वाव लिनका लागि हेलिकप्टर गाउँपालिकामा पुगेको छ । जेठ ३ गते सो क्वारेन्टाइनका व्यक्तिहरुको आरडिटी चेक गर्दा एक जनाको रिपोर्ट शंखास्पद देखिएपछि जेठ ६ गते हेलिकप्टर मार्फत सो स्वाव सुर्खेत लिइएको छ ।
त्यस्तै सोही हेलिकप्टरले चंखेलि, सर्केगाड, अदानचुली र ताँजाकोट गाउँपालिकाका गरेर ४ सय व्यक्तिहरुको स्वाव पनि संकलन गरेर सुर्खेत पठाइएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रमुख प्रेमबहादुर सिंहले बताउनुभयो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** कालिकोट जिल्लामा ६ सय ५३ जनाको स्वाव संकलन गरि पिसिआर परीक्षणका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पठाइएको छ ।
नौवटा स्थानीय तहका विभिन्न ठाउँमा जेठ ५ गतेबाट खटिएको टोलिले ६ सय ५३ जनाको स्वाब संकलन गरी परीक्षणका लागि जेठ ६ गते जुम्ला पठाइएको जिल्ला स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले जानकारी दिनुभयो ।
यस्तै भारत लगायत अन्य देशबाट उद्धारगरी स्थानीय तहका विभिन्न क्वारेन्टाइनमा बसेर घर गएका ८ सय २० जनाको पिसिआर परीक्षण गर्ने लक्ष रहेपनि पलाँता गाउँपालिकाको १ देखि ६ नम्वर वडा र तिलागुफा नगरपालिकाको ८ र ९ का स्थानीय परीक्षण गराउन केन्द्रमा नआएका कारण ६ सय ५३ जनाको मात्र परीक्षण गर्न लागिएको महतको भनाई छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** लडाउनका कारण प्रभावित नागरिकलाई चन्दननाथ नगरपालिकाले राहत वितरण गरेको छ । नगरपालिकाले २ नम्बर वडाका १ सय ८६ जनालाई राहत वितरण गरेको हो । उद्योग बाणिज्य संघ जुम्लाबाट १० जना, आर्ट अफ द नेपाल लिमिटेडबाट १० जना र नगरपालिकाको तर्फबाट १ सय ६६ जनालाई गरी १ सय ८६ जनालाई राहत वितरण गरेको नगर उपप्रमुख अप्सरादेवी महतले बताउनुभयो ।
प्रतिव्यक्ति १५ किलो चामल, एक लिटर तेल र एक किलो नुन राहत स्वरुप वितरण भएको वडाध्यक्ष धनरासी भण्डारीले जानकारी दिनुभयो । लकडाउनले प्रभावित भएका विपन्न, अपाङ्ग, असहाय, ज्येष्ठनागरिक र बेरोजगार व्यक्तिहरुलाई छनोट गरि राहत वितरण गरिएको उहाँले बताउनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**